

# वन कार्वन कोष

## कार्यान्वयन मार्गदर्शन २०६८

नेपाल

(रेडप्लसको भुक्तानी प्रणाली विकाससम्बन्धी परीक्षण परियोजना अन्तर्गत
प्राप्त अनुदान वितरणका लागि तर्जुमा गरिएको)

# वन कार्वन कोष

## कार्यान्वयन मार्गदर्शन २०६८

## नेपाल

(रेडप्लसको भुक्तानी प्रणाली विकाससम्बन्धी परीक्षण परियोजना अन्तर्गत प्राप्त अनुदान वितरणका लागि तर्जुमा गरिएको)

# विषयसूची

पृष्ठ

१. विषयसूची २

२. परिचय ३

३. प्रस्तावना ५

४. **परिच्छेद एक :** प्रारम्भिक ७

५. **परिच्छेद दई :** कोषको संरचना, प्रतिनिधित्व, भूमिका र जिम्मेवारी ९

६. **परिच्छेद तीन** : भुक्तानीका आधारहरु, वितरण प्रणाली, बैंक खाता र कोषको उपयोग १७

७. **परिच्छेद चार** : प्रतिवेदन, भुक्तानी र लेखा प्रणाली २०

८. **परिच्छेद पाँच** : प्रमाणिकरण (सत्यापन) र लेखा परीक्षण २२

९.**परिच्छेद छ** : विविध २४

१०. **अनुसूचीहरु**

अनुसूची एक : कोषको व्यवस्थापन संरचना र प्रतिनिधित्व २५

अनुसूची दुई : त्रिपक्षीय सम्झौता २६

अनुसूची तीन : जलाधारस्तरबाट केन्द्रिय स्तरमा पेश गर्ने दावी विजक २९

अनुसूची चार : उपभोक्ता समूहबाट जलाधारस्तरीय रेड सञ्जालमा पेश गर्ने दावी विजक ३२

अनुसूची पाँच : वन कार्वन कोषको कार्यान्वयन मार्गदर्शन तर्जुमा प्रक्रिया ३५

अनुसूची छ : भुक्तानीका आधारहरु ३६

## परिचय

यस मार्गदर्शनमा इसिमोड, एन्साव र सामुदायिक वन उपभोक्ता महासंघ, नेपालद्वारा सञ्चालित ***नेपालमा सामुदायिक वनहरुका लागि रेडप्लसको भुक्तानी प्रणाली र संरचनाको विकास*** सम्बन्धी परीक्षण परियोजना अन्तर्गत नोराडबाट प्राप्त अनुदान वितरण गर्न परियोजनागत रुपमा विकास गरिएको वन कार्वन कोषसम्बन्धी संरचना र प्रणाली निर्धारण गरिएको छ । यस मार्गदर्शनमा वन व्यवस्थापकको रुपमा रहेका सामुदायिक वन उपभोक्ता समूहलाई रेडप्लसको भुक्तानी वितरण प्रणाली व्यवस्थापन गर्ने संस्थागत व्यवस्थाहरु उल्लेखित छन् । त्यस्तै यस मार्गदर्शनमा यस सम्बन्धी संरचना र समितिहरुको भूमिका र जिम्मेवारीहरु बारे पनि उल्लेख गरिएको छ ।

यस मार्गदर्शनमा रेडप्लसको भुक्तानीका आधारहरु र प्राप्त भुक्तानी उपयोग गर्ने क्षेत्र एवं शिर्षकहरु सिफारिस गरिएका छन् । यसका साथै वन कार्वन कोषको प्रभावकारिता र प्रयाप्त उपलब्धीका लागि स्वतन्त्र प्रमाणीकरण (सत्यापन) प्रणाली सम्बन्धी प्रवधानहरु पनि उल्लेखित छन् । मार्गदर्शनमा उल्लेखित यो संरचनामा रहेको साझेदारिता र प्रतिनिधित्व परियोजनागत तहमा र नोराड रेड परियोजनाको अवधीभर मात्र कायम रहने छ । त्यस्तै यो संरचना नेपालको सामुदायिक वन व्यवस्थापन प्रणाली अन्तर्गत रेडप्लसको भुक्तानी प्रणाली विकासका लागि उपलब्ध बीउ अनुदान वितरण गर्ने परियोजनाको दायराभित्र मात्र सिमित हुनेछ । यद्यपि, स्थानीय, राष्ट्रिय र विभिन्न दातृ निकायबाट नेपालको वनका लागि रेडप्लस अन्तर्गत अतिरिक्त श्रोत प्राप्त भएमा नेपालको रेडका लागि तयारी सम्बन्धी प्रस्ताव र रेड रणनीतिले अङ्गिकार गर्ने अवधारणा अनुसार यस्तो कोषको संरचनालाई थप क्षेत्र तथा राष्ट्रियस्तरसम्म विस्तार गर्न सकिन्छ ।

वन कार्वन कोषको मार्गदर्शन तर्जुमाका लागि गठित कार्यदलको विभिन्न समयमा भएका बैठकबाट विकास गरिएका विचारहरु, परामर्शहरु र सुझावहरु एवं मार्गदर्शनमा परामर्श गर्ने क्रममा परीक्षणस्थलको रुपमा रहेका जलाधार क्षेत्रका आदिवासी एवं स्थानीय समुदाय र विभिन्न तहका सरोकारवालाहरुसँग गरिएका परामर्शका आधारमा प्राप्त सुझावहरुलाई मध्यनजर गर्दै वन कार्वन कोषको संरचना र यसका विभिन्न इकाईमा प्रतिनिधित्व, भूमिका र जिम्मेवारी सम्बन्धी व्यवस्थाहरुलाई

परिमार्जन गर्दै निर्धारण गरिएको छ । वन कार्वन कोषको मार्गदर्शन विकास प्रक्रिया र कार्यदलको प्रतिनिधित्वको बारेमा अनुसूची-५ मा उल्लेख गरिएको छ ।

## प्रस्तावना

सामुदायिक वन उपभोक्ता समूहहरुले आफ्नो वनमा वन विनास र वन क्षयीकरण न्यूनिकरण गरी कार्वन उत्सर्जन कटौति गर्ने, वन कार्वनको संरक्षण गर्ने, वनको दिगो व्यवस्थापन गर्ने र वन कार्वन मौज्दात अभिवृद्धि गर्ने कार्यका लागि खेल्दै आएको भूमिका र योगदान प्रति सहमत हुँदै,

रेडप्लसको प्रक्रिया र यसको लाभको बाँडफाँडमा वन उपभोक्ता समूहहरुको पूर्ण र प्रभावकारी सहभागीता प्रवर्द्धनका लागि उनिहरुलाई पुरस्कृत र सकारात्मक उत्प्रेरणा अत्यावश्यक भएको कुरा महशुस गर्दै,

विभिन्न तहमा रेडप्लसको न्यायपूर्ण वित्तिय प्रणाली र समन्यायिक भुक्तानी प्रणालीको विकास गर्ने क्रममा स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमतिको अवधारणा, आदिवासी समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र एवं अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ का व्यवस्थाहरुका साथसाथै महिला र दलित लगायत आदिवासी एवं स्थानीय समुदायको पूर्ण र प्रभावकारी सहभागिताका सम्बन्धमा अन्तर्राष्ट्रिय समुदाय, सरकारी निकाय र नागरिक समाजले गर्दै आएका प्रतिवद्धताहरुलाई मध्यनजर गर्दै,

नेपाल सरकारको जलवायु परिवर्तन नीति २०६७, रेडसम्बन्धी तयारी प्रस्ताव र आवधिक विकास योजनाहरुमा रेडप्लसको भुक्तानी प्रणाली विकासका निमित्त अभिव्यक्त सरकारी प्रतिवद्धतालाई समेत मध्यनजर राख्दै,

रेडप्लसको रणनीति विकास गर्ने क्रममा र रेडप्लसको तयारी चरणमा रेडप्लसका निमित्त भुक्तानी प्रणाली विकासका लागि नेपाल सरकारलाई योगदान गर्ने लक्ष्य लिदै,

नेपालमा सामुदायिक वनका लागि रेडप्लसका माध्यमबाट भुक्तानी प्रणालीको विकास सम्बन्धी परीक्षण परियोजना सञ्चालित क्षेत्रमा रेडको भुक्तानीका रुपमा नोराडबाट प्राप्त बीउ अनुदान वितरण गर्ने

प्रयोजनार्थ परियोजनागत तहमा लागु हुनेगरी एउटा अनुनयात्मक दस्तावेज तयार गर्न आवश्यक भएको महशुस गर्दै,

नेपाल सरकारको विद्यमान संरचनासँग तालमेल गर्दै भुक्तानी प्रणालीसम्बन्धी अनुभव, संरचना र प्रणालीलाई मूलप्रभावहमा ल्याउने दृष्टिकोण सहित विभिन्न तहमा सहभागितामूलक रुपमा भएका परामर्श प्रक्रियाहरुका माध्यमबाट एउटा बहुसरोकारवाला कार्यदलका माध्यमबाट वन कार्वन कोष सम्बन्धी यो कार्यान्वयन मार्गदर्शन तर्जुमा गरेको छ ।

# परिच्छेद १
# प्रारम्भिक

१. **संक्षिप्त नाम :** (१) यस मार्गदर्शनलाई वन कार्वन कोषको कार्यान्वयन मार्गदर्शन २०६७ भनी जनाइने छ ।

(२) परियोजनाका साझेदार संस्थाहरुको आपसी सम्झौताका माध्यमबाट परियोजनाको अन्त्यसम्म यो वन कार्वन कोषको मार्गदर्शन कार्यान्वयनमा आउने छ र आगामी दिनमा साझेदार संस्थाहरु नै कोषको योजना तर्जुमा, कार्यान्वयन र प्रभावकारिताका लागि जिम्मेवार हुनेछन् ।

२. **परिभाषा :**

(क) **वन कार्वन कोष सल्लाहकार समिति :** वन कार्वन कोष सल्लाहकार समिति भन्नाले दफा ३ बमोजिम गठित सल्लाहकार समितिलाई जनाउने छ ।

(ख) **परियोजना व्यवस्थापन इकाई :** परियोजना व्यवस्थापन इकाई भन्नाले वन कार्वन कोषको सचिवालय र व्यवस्थापकीय जिम्मेवारीका लागि दफा ५ बमोजिम स्थापना गरिएको परियोजना व्यवस्थापन इकाईलाई जनाउने छ ।

(ग) **जलाधारस्तरीय कोष व्यवस्थापन सल्लाहकार समिति :** जलाधारस्तरीय कोष व्यवस्थापन सल्लाहकार समिति भन्नाले दफा ७ बमोजिम स्थापना भएको सल्लाहकार समितिलाई जनाउने छ ।

(घ) **जलाधारस्तरीय रेड सञ्जाल :** जलाधारस्तरीय रेड सञ्जाल भन्नाले समुदायस्तरमा रेडप्लससम्बन्धी क्रियाकलापहरुको समन्वय,व्यवस्थापन गर्नका लागि तथा सिकाइ केन्द्रको रुपमा परियोजना सञ्चालन भएका प्रत्येक जलाधार क्षेत्रमा गठन भएका रेड सञ्जाललाई जनाउने छ ।

(ङ) **प्रमाणिकरण (सत्यापन) संस्था :** प्रमाणिकरण (सत्यापन) संस्था भन्नाले रेडप्लस सम्बन्धी सामाजिक, वातावरणीय र प्राविधिक (कार्यविधिगत) विषय लगायतका विज्ञहरु संलग्न रहेको वहुआयामिक टोलीलाई जनाउने छ ।

(च) **अनुगमन समिति :** अनुगमन समिति भन्नाले दफा ११ बमोजिम गठन भएको अनुगमन समितिलाई जनाउने छ ।

(छ) **रेडप्लस सम्बन्धी क्रियाकलापहरु :** रेडप्लस सम्बन्धी क्रियाकलापहरु भन्नाले दफा १८ मा उल्लेखित क्रियाकलापहरुलाई जनाउने छ ।

(ज) **रेडप्लसका सह-लाभहरु :** रेडप्लसका सह-लाभहरु भन्नाले रेडप्लससम्बन्धी क्रियाकलापहरुका माध्यमबाट सृजित वातावरणीय सेवा, आर्थिक लाभ, जीविकोपार्जन अभिवृद्धि र राष्ट्रिय विकासमा योगदान जस्ता लाभहरुलाई जनाउने छ ।

(झ) **सामाजिक एवं वातावरणीय अधिकार सुरक्षा :** सामाजिक एवं वातावरणीय अधिकार सुरक्षा भन्नाले वन उपभोक्ता समूहका विधान तथा कार्ययोजना, राष्ट्रिय रेड रणनीति र जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका पक्षराष्ट्रहरुको सम्मेलनबाट पारित निर्णयहरुमा उल्लेखित अधिकार सुरक्षाका सिद्धान्तहरुलाई जनाउने छ ।

(ञ) **भुक्तानीका आधारहरु :** भुक्तानीका आधारहरु भन्नाले रेडको भुक्तानीका लागि दफा १५ बमोजिम निर्धारित आधारहरुलाई जनाउने छ ।

## परिच्छेद २

## कोषको संरचना, प्रतिनिधित्व एवं काम कर्तव्य र अधिकार

३. **वन कार्वन कोष सल्लाहकार समिति :** (१) वन कार्वन कोषमा देहायका निकाय एवं संघ संस्थाबाट प्रतिनिधित्व हुनेछ :

(क) वन तथा भू-संरक्षण मन्त्रालय, रेड-फरेष्ट्री तथा जलवायु परिवर्तन इकाई - १

(ख) नेपाल आदिवासी जनजाति महासंघ - १

(ग) अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र (इसिमोड) - १

(घ) कृषि तथा जैविक श्रोतको दिगो विकासका लागि एसियाली नेटवर्क (एन्साव) - १

(ङ) सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल - १

(च) परियोजना सञ्चालन भएका प्रत्येक जलाधारस्तरीय रेड सञ्जालहरु - ३

(छ) दलित गैरसरकारी संस्था महासंघ[1] - १

---

[1] मार्गदर्शन मसौदा कार्यदलको मार्च १० मा बसेको बैठकको निर्णय बमोजिम

(ज) हिमवन्ती नेपाल[2] - १

(२) सल्लाहकार समितिमा रहेका विद्यमान सदस्यहरुको सहमतिका आधारमा अन्य कुनै सम्बन्धित संस्थाको प्रतिनिधिलाई पनि सल्लाहकार समितिमा आमन्त्रण वा समावेश गर्न सकिने छ ।

४. **वन कार्वन कोष सल्लाहकार समितिको भूमिका एवं जिम्मेवारी :** (१) सल्लाहकार समितिको भूमिका एवं जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) कोष सम्बन्धी कार्यक्रमको कार्यान्वयन, मितव्ययिता र प्रभावकारिताको सुनिश्चितता गर्ने उद्वेश्यले कोषको सुपरीवेक्षण गर्ने ।

(ख) कोषको भूमिका र जिम्मेवारीहरु स्पष्ट रुपमा परिभाषित गरिएका छन् भन्ने कुराको सुनिश्चितता गर्ने ।

(ग) वन कार्वन कोषको उपयोगसँग सम्बन्धित नीति तथा रणनीतिगत विषयमा आवश्यक मार्गनिर्देशन उपलब्ध गराउने ।

(घ) कोषको यस मार्गदर्शनमा आवश्यक परिमार्जनका लागि सल्लाह दिने ।

(ङ) कोषको वित्तिय तथा प्राविधिक (भुक्तानी/वितरण) प्रगति र आवश्यकता अनुसार सुधारका लागि चाल्नुपर्ने कदमहरुबारे सल्लाह उपलब्ध गराउने ।

(च) कोषको वित्तीय कार्यसम्पादनको समिक्षा गर्ने ।

(छ) कोषको मूल्यांकनको लागि विषयवस्तुहरु तय गर्ने र यसका लागि बनाइने कार्यसूचीमा सहमति दिने ।

(ज) परियोजना अवधी र सो पश्चात समेत रेडसम्बन्धी पहलको निरन्तरताका लागि आवश्यक श्रोतहरुको खोजी गर्ने रणनीतिगत सुझावहरु दिने ।

(झ) वन कार्वन कोषलाई आर्थिक रुपमा दिगो बनाउनको लागि नयाँ आर्थिक श्रोतका संभावनाहरु उजागर गर्ने ।

(२) सल्लाहकार समितिको बैठक प्रत्येक तीन महिनामा बस्नेछ र आवश्यकता अनुसार अन्य वैठकहरु पनि बस्न सक्नेछन् । प्रत्येक बैठकमा बैठक आरम्भ हुनु अघी सदस्यहरुले आफुहरुमध्येबाट देवनागरिक लीपीको वर्णानुक्रम अनुसार आलोपालो हुनेगरी बैठकको अध्यक्ष छनौट गर्नेछन् ।

[2] मार्गदर्शन मसौदा कार्यदलको मार्च १० मा बसेको बैठकको निर्णय बमोजिम

(३) सल्लाहकार समितिका सबै निर्णयहरु आपसी आमसहमतिका आधारमा हुनेछन्, यद्यपि, आमसहमतिमा पुग्न नसकिएको अवस्थामा बहुमतका आधारमा निर्णय गर्न सकिने छ ।

(४) समितिको बैठकका निर्णय सम्बन्धी अन्य कार्यविधिहरु सल्लाहकार समितिले आफै निर्धारण गरे बमोजिम हुनेछन् ।

५. **परियोजना व्यवस्थापन इकाई** : यस इकाईको समन्वय परियोजनाका साझेदार संस्थाहरु (इसिमोड, एन्साव र सा.व.उ.महासंघ, नेपाल) ले गरेका छन् । यो इकाई रेडको भुक्तानी प्रणाली सम्बन्धी परीक्षण परियोजनाका सम्पूर्ण कार्यक्रमको समग्र व्यवस्थापनको लागि जिम्मेवार हुनेछ । सल्लाहकार समितिले अनुमोदन गरेका नीति तथा मार्गदर्शन अनुसार यस इकाइले वन कार्वन कोषको सचिवालयको भूमिका निर्वाह गर्नेछ । यस इकाईले कोषको व्यवस्थापकीय चाँजोपाँजो मिलाउने छ । यस इकाईले जलाधारस्तरीय रेड सञ्जालबाट समय समयमा प्राप्त विवरणहरु र प्रारम्भिक अध्ययनबाट सृजित भौतिक तथा सामाजिक-आर्थिक तथ्याङ्कहरुलाई दुरुस्त राख्ने र परीक्षण परियोजनाका लागि केन्द्रियस्तरको तथ्याङ्क केन्द्रका रुपमा काम गर्नेछ । सल्लाहकार समितिको निर्णय पश्चात् रेडप्लसको भुक्तानीलाई जलाधारस्तरीय सञ्जालसम्म सही रुपमा प्रवाह गर्ने कार्य पनि यही इकाईले गर्नेछ ।

६. **परियोजना व्यवस्थापन इकाईको भूमिका र जिम्मेवारीहरु** : विशेषगरी यस इकाईको भूमिका र जिम्मेवारीहरु देहाय बमोजिम हुनेछन् :

(क) कोषको समग्र व्यवस्थापन र समन्वयका लागि जिम्मेवारी निर्वाह गर्ने ।

(ख) कोष व्यवस्थापनको लागि नीति, रणनीति, मार्गदर्शन तथा मापदण्डहरुको तर्जुमा गर्ने र यसलाई सल्लाहकार समितिबाट अनुमोदन गराउने ।

(ग) कोषका नीति, रणनीति, मार्गदर्शन तथा मापदण्डहरु प्रभावकारी र मितव्ययी रुपमा कार्यान्वयन भइरहेका छन् भन्ने कुराको सुनिश्चितता गर्ने ।

(घ) वन कार्वनको वार्षिक रुपमा गरिएको सर्वेक्षण तथा अनुगमनका आधारमा जलाधारस्तरीय रेड सञ्जालले पेश गरेको रेडको भुक्तानी सम्बन्धी दावी प्राप्त गर्ने र वन कार्वन कोषबाट जलाधारस्तरीय रेड सञ्जालमा भुक्तानी प्रवाह गर्ने ।

(ङ) वन कार्वनको तथ्याङ्क र यस वापतको भुक्तानीको अभिलेख राख्ने ।

(च) परीक्षण परियोजना क्षेत्रको भौतिक र सामाजिक-आर्थिक तथ्याङ्कको अभिलेख व्यवस्थापन गर्ने ।

(छ) कोषको रकम भुक्तानी योजना र यसको व्यवस्थापन प्रतिवेदन तयार गर्ने ।

(ज) कोषको वार्षिक प्रगति प्रतिवेदन तयार गरी सल्लाहकार समिति समक्ष पेश गर्ने ।

(झ) कोषबाट रकम प्राप्त गर्ने र भुक्तानी गर्ने भौचर तयारी गर्ने ।

(ञ) भुक्तानी विवतरण तयार गरी सल्लाहकार समिति समक्ष पेश गर्ने ।

(ट) कोषको निर्धारित क्रियाकलापहरुको विवरण राख्ने, व्यवस्थापन गर्ने र प्रतिवेदन तयार गर्ने जिम्मेवारी निर्वाह गर्ने ।

(ठ) कोषको मार्गदर्शन र अन्य मापदण्डहरुको कार्यान्वयन गर्ने र अन्य समितिहरुलाई आवश्यक सहयोग गर्ने ।

(ड) जलाधार स्तरीय रेड सञ्जालबाट प्राप्त भुक्तानी सम्बन्धी दावीहरुको छानविन एवं मूल्याङ्कन गर्ने र अनुसूची-३ बमोजिमको त्रीपक्षीय सम्झौता बमोजिमका तीन जना व्यक्तिले चेकमा दस्तखत गरिसकेपछि भुक्तानी गर्ने ।

(ढ) वन कार्वन तथ्याङ्कहरुलाई नेपाल सरकारले प्रस्ताव गरेको राष्ट्रिय तथ्याङ्क केन्द्र (हाललाई वन अनुसन्धान तथा सर्वेक्षण विभाग) मा उपलब्ध गराउने ।

७. **जलाधारस्तरीय वन कार्वन कोष सल्लाहकार समिति** : (१) देहायमा उल्लेखित निकाय एवं संस्थाहरुबाट एक/एक जनाले प्रतिनिधित्व गर्नेगरी प्रत्येक जलाधारस्तरमा देहाय बमोजिमको जलाधारस्तरीय वन कार्वन कोष सल्लाहकार समिति रहने छ :

(क) प्रतिनिधि - जिल्ला वन कार्यालय - १

(ख) प्रतिनिधि - जिल्ला विकास समिति - १

(ग) प्रतिनिधि - नेपाल आदिवासी जनजाति महासंघ (जिल्ला समन्वय परिषद्) - १

(घ) प्रतिनिधि - सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (जिल्ला महासंघ) - १

(ङ) प्रतिनिधि - जलाधारस्तरीय रेड सञ्जाल - १

(२) यस समितिले जलाधारस्तरबाट वन उपभोक्ता समूहमा रेडको भुक्तानीका लागि जलाधारस्तरीय रेड सञ्जाललाई रणनीतिक सहयोग उपलब्ध गराउने र त्यसको रेखदेख समेत गर्नेछ ।

८. **जलाधारस्तरीय वन कार्वन कोष सल्लाहकार समितिको भूमिका र जिम्मेवारीहरु** : जलाधारस्तरीय वन कार्वन कोष सल्लाहकार समितिको भूमिका र जिम्मेवारीहरु देहाय बमोजिम हुनेछन् :

(क) जलाधार स्तरमा यस मार्गदर्शनको प्रभावकारी र मितव्ययी रुपमा कार्यान्वयन भएको कुरा सुनिश्चित गर्ने उद्वेश्यले जलाधारस्तरमा कोषको सदुपयोग सम्बन्धमा सुपरीवेक्षण गर्ने ।

(ख) जलाधारस्तरमा कोषको उपयोग र यस मार्गदर्शशनको कार्यान्वयनसँग सम्बन्धित विषयमा रणनीतिक र नीतिगत परामर्श उपलब्ध गराउने ।

(ग) वन कार्वन कोषको मार्गदर्शनका व्यवस्थाहरु, भुक्तानीका आधारहरु र यस मार्गदर्शनमा उल्लेखित कुनै विषयवस्तुका सन्दर्भमा कुनै आधारभूत परिमार्जन गर्नुपर्ने देखेमा जलाधारस्तरीय रेड सञ्जाल मार्फत परियोजना व्यवस्थापन इकाईमा सल्लाहहरु उपलब्ध गराउने ।

(घ) कोषको वित्तिय तथा प्राविधिक (भुक्तानी/वितरण) प्रगति र आवश्यकता अनुसार सुधारका लागि चाल्नुपर्ने कदमहरुबारे सल्लाह उपलब्ध गराउने ।

(ङ) वन उपभोक्ता समूह र जलाधारस्तरमा वन कार्वन कोषको रकम सदुपयोगको सम्बन्धमा समिक्षा गर्ने ।

(च) जलाधारस्तरीय वन कार्वन कोषको लागि विभिन्न श्रोतहरुबाट रकम जुटाउनको लागि सहयोग गर्ने ।

(छ) जलाधारस्तरमा वन कार्वन कोषबाट उपलब्ध गराइएको रकम सदुपयोगको लागि स्थानीयस्तरको योजनाहरु तर्जुमा गर्न सहजिकरण गर्ने ।

९. **जलाधारस्तरीय रेड सञ्जाल** : जलाधार क्षेत्रभित्र रहेका प्रत्येक वन उपभोक्ता समूहहरु सदस्य रहने गरी परियोजना सञ्चालन भएको प्रत्येक जलाधार क्षेत्रमा जलाधारस्तरीय रेड सञ्जाल रहने छ । जलाधारस्तरीय रेड सञ्जालमा प्रतिनिधित्व गर्नका लागि प्रत्येक समूहले आफ्नो कार्य समितिबाट एक जना प्रतिनिधि छनौट गर्नेछन् । उपभोक्ता समूहबाट छानिएका प्रतिनिधिहरुको कार्यअवधी जलाधारस्तरीय रेड सञ्जालले निर्धारण गरे बमोजिम हुनेछ, यद्यपि, आफुले पहिला छनौट गरी जलाधारस्तरीय रेड सञ्जालमा पठाएका प्रतिनिधिको भूमिका सन्तोषजनक नभएमा उपभोक्ता समूहको कार्यसमितिले सञ्जालमा प्रतिनिधित्वका लागि नयाँ प्रतिनिध छनौट गर्न सक्नेछ । जलाधार क्षेत्रमा रेडप्लससम्बन्धी क्रियाकलापको लागि यो सञ्जाल सम्पर्क कार्यालयको रुपमा रहने छ । दफा १५ मा निर्धारित आधारहरुको परिपूर्ति र रेडप्लस सम्बन्धी क्रियाकलापहरुको नतिजाहरुलाई मध्यनजर राख्दै प्रत्येक समूहमा जलाधारस्तरीय वन कार्वन कोषबाट रकम उपलब्ध गराउन र कोषको उद्वेश्य कार्यान्वयन गर्नका लागि सञ्जालले जलाधारस्तरमा सचिवालयको जिम्मेवारी निर्वाह गर्नेछ । यसका साथै वन उपभोक्ता समूहको सहभागिता र परियोजनाका साझेदारहरु, यस मार्गदर्शनमा उल्लेखित अन्य साझेदारहरु र केन्द्रियस्तरमा रहेको परियोजना व्यवस्थापन इकाईसँगको साझेदारीतामा सञ्जालले आफ्नो क्षेत्रमा वन कार्वन कोषका कार्यक्रमहरु सञ्चालनमा सहजिकरण गर्नेछ ।

**१०. जलाधारस्तरीय रेड सञ्जालको भूमिका र जिम्मेवारीहरु :** सञ्जालले जलाधार क्षेत्रमा वन कार्वन कोषका दैनिक क्रियाकलापहरुको सञ्चालन र व्यवस्थापन गर्नेछ र यसका लागि सञ्जालले निम्न अनुसारका कार्यहरु गर्नेछ :

(क) आफ्ना क्रियाकलापहरु बारे नियमित रुपमा केन्द्रियस्तरमा रहेको परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदनहरु पठाउने ।

(ख) वार्षिक कार्वन अनुगमन तथ्याङ्क र अन्य आधारहरुलाई मध्यनजर राख्दै रेडप्लसको भुक्तानीका लागि केन्द्रियस्तरमा रहेको परियोजना व्यवस्थापन इकाईमा दावी गर्ने ।

(ग) जलाधारस्तरमा समूहको भौतिक तथा सामाजिक-आर्थिक विवरण अद्यावधिक गर्ने ।

(घ) वन उपभोक्ता समूह र केन्द्रियस्तरमा रहेको वन कार्वन कोषका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ङ) वन उपभोक्ता समूह र जलाधारस्तरमा विभिन्न सरोकारवालाहरुले सञ्चालन गर्ने क्रियाकलापहरुका बीच समन्वय गर्ने ।

(च) यस मार्गदर्शनमा कुनै परिमार्जन गर्न आवश्यक भएमा केन्द्रियस्तरमा सुझावहरु उपलब्ध गराउने ।

(छ) प्रतिवेदनहरुलाई व्यवस्थित गर्ने, अभिलेखहरु राख्ने, दावी तथा भुक्तानीका प्रक्रिया र चरणहरुमा मद्धत गर्ने, भुक्तानी वितरण गर्ने र दावीको बैद्यता हेर्ने आदी काममा अनुगमन समिति र वन उपभोक्तासँग निकट रही कार्य गर्दै सहयोग उपलब्ध गराउने ।

(ज) अनुगमन समितिको सुझावलाई मध्यनजर गर्दै जलाधारस्तरमा रेडप्लसको भुक्तानी प्रक्रियाको समिक्षा गरी आवश्यक सुधारका कार्यहरुको लागि केन्द्रीयस्तरमा सुझावहरु पठाउने ।

(झ) सा.व.उ.महासंघ, नेपालको जिल्ला महासंघ र जलाधारस्तरीय वन कार्वन कोषसम्बन्धी सल्लाहकार समितिको सुझावलाई मध्यनजर गर्दै जिल्लास्तरमा वन कार्वन कोषको बैंक खाता खोली सञ्चालन गर्ने ।

(ञ) रेडको भुक्तानीको दावी सम्बन्धी आवधिक विवरण बनाई जलाधारस्तरीय वन कार्वन कोषको सल्लाहकार समितिमा पेश गर्ने ।

(ट) सल्लाहकार समितिको निर्णय अनुसार जलाधारस्तरबाट वन उपभोक्ता समूहमा दावी अनुसारको रकम भुक्तानी गर्ने ।

(ठ) भुक्तानीको भौचर तयारी गरी राख्ने ।

(ड) वन कार्वन कोषबाट भुक्तानी भएको रकमको छुटै आर्थिक विवरण तयार गर्ने र नियमित रुपमा आर्थिक प्रतिवेदन बनाउने ।

(ढ) वन उपभोक्ता समूहलाई वन कार्वन वापत पाएको रकमको सदुपयोग सम्बन्धी योजना बनाउन सहजिकरण गर्ने ।

११ **अनुगमन समिति** : सबै सरोकारवालाहरुको पूर्ण सहभागिताका आधारमा वन कार्वन कोषको कार्यक्रम पारदर्शी रुपमा र राम्रोगरी सञ्चालन भएको छ भन्ने कुरा सुनिश्चित गर्नका साथै कार्वन अभिलेख, भुक्तानीको लागि गरिएको दावी र भुक्तानी आदी सही छन् भन्ने कुरा समेत सुनिश्चित गर्नको लागि यस अनुगमन समितिले अन्य समितिहरुसँग नजिकमा रहेर कार्य गर्नेछ । अनुगमन समितिलाई परियोजना सञ्चालन भएको जलाधार क्षेत्र रहेको जिल्लामा रहेका जिल्ला भू-संरक्षण कार्यालय, जिल्ला वन कार्यालय, एन्साव, महिला सञ्जला र दलित सञ्जालका प्रतिनिधिहरु रहेको एउटा टोलीले नेतृत्व गर्नेछ । रेडप्लस सम्बन्धी जानकारी तथा अनुभवलाई मध्यनजर गर्दै यस्ता प्रतिनिधिहरुको छनौट सम्बन्धित निकाय वा संस्थाहरुले आफै गर्नेछन् ।

१२ **अनुगमन समितिको भूमिका र जिम्मेवारी** : सामान्यतया अनुगमन समितिको भूमिका र जिम्मेवारीहरु निम्न अनुसार हुनेछन् :

(क) समूहले कोषबाट भुक्तानी पाउनका लागि गरिएको दावी र भुक्तानी, सामाजिक आर्थिक तथ्याङ्क र वन कार्वन मापन तथा अभिलेख आदिको बैधता र वास्तविकताको अनुगमन गरी प्रतिवेदन तयार गर्ने ।

(ख) वन कार्वन कोषको उद्वेश्य अनुसारका काम भए नभएको बारेमा वन उपभोक्ता समूहको तथ्याङ्कहरु र रेड सञ्जालको क्रियाकलापहरुको अनुगमन गरी प्रतिवेदन तयार गर्ने ।

(ग) विभिन्न मापदण्ड तथा आधारहरुलाई मध्यजनर राख्दै उपभोक्ता समूहले कोषबाट प्राप्त गरेको रकमको सही किसिमले वितरण, उपयोग र अभिलेखिकरण गरेको कुराको सुनिश्चितताका लागि अनुगमन गर्ने ।

(घ) वन कार्वन कोषको यस मार्गदर्शनमा निर्धारण गरिएका आधारहरु बमोजिम वन उपभोक्ता समूहले कोषको रकम उपयोग गरे नगरेको बारेमा अनुगमन गर्ने ।

(ङ) वन उपभोक्ता समूहदेखी जलाधारस्तरसम्म प्रतिवेदनहरु आदान प्रदान गर्ने प्रणालीको सुनिश्चितता गर्ने ।

(च) वन उपभोक्ता समूहले पेश गरेको तथ्याङ्कहरुको आधारमा पाएको भुक्तानीको लेखाजोखा गर्ने ।

(छ) उपभोक्ता समूहलाई भुक्तानी दिनको लागि जलाधारस्तरीय रेड सञ्जालामा सिफारिस गर्ने ।

(ज) बैक खाता सञ्चालनको समिक्षा र खर्चको अनुगमन गर्ने ।

(झ) कोषको कार्यसञ्चालन एवं व्यवस्थापकीय दृष्टिकोणले महत्वपूर्ण सवालहरु उजागर गर्ने र सुधारका विषयहरु पहिचान गरी जलाधारस्तरीय रेड नेटवर्कमा प्रस्तुत गर्ने ।

१३. **सामुदायिक वन उपभोक्ता समूह** : नेपालको वन सम्बन्धी कानुन अनुसार सामुदायिक वन उपभोक्ता समूह एउटा अविच्छिन्न उत्तराधिकारवाला र स्वशासित संस्था हो, जसको आफ्नै विधान, कार्ययोजना र मूल्य मान्यताहरु रहेका छन् र यो सामुहिक निर्णय प्रक्रियाबाट निर्देशित हुने स्थानीय स्तरको एउटा स्थिर सङ्गठन पनि हो । रेडप्लस सम्बन्धी क्षमता अभिवृद्धि, वन कार्वन अभिवृद्धि, वन कार्वन मापन र प्रतिवेदन तयारी जस्ता कार्यहरुमा जलाधारस्तरीय रेड सञ्जाललाई सहयोग गर्नु उपभोक्ता समूहको दायित्व हुनेछ । यस मार्गदर्शन अनुसार वन कार्वन कोषबाट उपभोक्ता समूहलाई रेडप्लसको भुक्तानी हुनेछ र यसरी प्राप्त भएको भुक्तानीलाई समूहभित्र न्यायोचित रुपमा बाँडफाँट गर्ने वातावरणको सिर्जना गर्ने जिम्मेवारी उपभोक्ता समूह र यसको कार्यसमितिमा रहने छ । प्रत्येक उपभोक्ता समूहसँग कोषको रकम सदुपयोग सम्बन्धी आ-आफ्नै योजनाहरु हुने सक्नेछन् र रेडप्लसका लाभहरुको पारदर्शी र समावेशी रुपमा बाँडफाँड गरी त्यसका माध्यमबाट स्पष्ट रुपमा देखिने किसिमका परिणामहरु र सामाजिक एव वातावरणीय अधिकार सुरक्षालाई सम्मान र प्रवर्द्धन गर्नेगरी सह-लाभहरु समेत सिर्जना गर्ने जिम्मेवारी उपभोक्ता समूहमा रहने छ ।

१४. **वन उपभोक्ता समूहको भूमिका र जिम्मेवारी** : वन उपभोक्ता समूहको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) जलाधारस्तरीय रेड सञ्जाल समक्ष पठाउनको लागि परियोजना व्यवस्थापन इकाईले तयार गरेको दावी विजकमा समूहको सामाजिक आर्थिक लगायत अद्यावधिक गरिएका आवश्यक विवरणहरु भरी पठाउने ।

(ख) निर्धारित आधारहरुलाई प्रयोग गर्दै उपभोक्ता समूहमा रहेका घरधुरीहरुको सम्पन्नता स्तरीकरण गर्ने र यस्तो विवरणलाई वर्गिकरणको लागि जलाधार स्तरीय रेड सञ्जालमा पठाउने ।

(ग) जीविकोपार्जन अभिवृद्धि योजनाको माध्यमबाट समूहभित्र रहेका सबैभन्दा विपन्न वर्गलाई लक्षित गरी उनिहरुको जीविकोपार्जन अभिवृद्धि कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्ने ।

(घ) रेड सञ्जाल मार्फत प्राप्त भएको कोषको रकमलाई वन संरक्षण र वनको दिगो व्यवस्थापनका साथै वैकल्पिक उर्जा प्रवर्द्धन सम्बन्धी योजनाको प्रवर्द्धन, कम रुख कटानी, वृक्षारोपण आदी गरी वन कार्वन अभिवृद्धि गर्ने जस्ता रेडप्लस सम्बन्धी क्रियाकलापहरुमा खर्च गर्ने कुराको सुनिश्चितता गर्ने जिम्मेवारी निर्वाह गर्ने ।

(ङ) लाभको बाँडफाँडको मुख्य आधार समूहको आमसहमतिमा भएको निर्णय हुने कुरा सुनिश्चित गर्ने ।

(च) कार्वन सञ्चिति गर्ने कार्य सम्पादनमा असर गर्ने अव्यवस्थित चरिचरण, आगलागी जस्ता क्रियाकलापहरु, चुहावट आदीलाई समाधान गर्ने किसिमका कार्यक्रम सञ्चालन गर्ने ।

(छ) रेडप्लस सम्बन्धी क्रियाकलाप र कोषको रकम सदुपयोग सम्बन्धी व्यवस्थाहरु समूहको विधान र कार्ययोजनामा समावेश गर्ने ।

# परिच्छेद ३

## भुक्तानीका आधारहरु, वितरण प्रणाली, बैंक खाता र कोषको रकम सदुपयोग

१५. **भुक्तानीका आधारहरु** : न्यायोचितता, सुशासन र समावेशीकरण सम्बन्धी सरोकारहरुलाई सम्बोधन गर्नेगरी रेडप्लसको भुक्तानीका लागि वन कार्वनको अवस्था, जातजातिगत विविधताको अवस्था (आदिवासी एवं दलितहरुको घरधुरी संख्या), जनसंख्या (महिला र पुरुषको अनुपात) र गरिवीको अवस्था समेत गरी चारवटा आधारहरु तय गरिएका छन् ।

***रेडको भुक्तानी = क्रियाकलाप (f)(वन कार्वन वृद्धि+जातजातिको विविधता (घरधुरीहरु) +जनसंख्या (महिला पुरुष)+विपन्नताको अवस्था (समूहमा पहिचान भएका विपन्न घरधुरी)***

(२) उल्लेखित प्रत्येक मुख्य आधारहरु र त्यस अन्तर्गतका सहायक आधारहरुलाई निम्न बमोजिमको महत्व (भार) दिइएको छ (अनुसूची-६) :

(क) वन कार्वन अभिवृद्धि - (सामुदायिक वनका माध्यमबाट वार्षिक रुपमा वृद्धि भएको मापन गरिएको कार्वनको मात्रा, आधार वर्षमा भएको कार्वन मात्रा) -४० प्रतिशत

(ख) जातजातिको विविधता - (नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ द्वारा सूचिकृत आदिवासी जनजातिहरुको घरधुरी संख्या र नेपाल राजपत्रमा सूचिकृत दलितहरुको घरधुरी संख्या) - २५ प्रतिशत

(ग) लैङ्गिक अनुपात - (जलाधार क्षेत्र र वन उपभोक्ता समूहमा महिलाको जनसंख्या) - १५ प्रतिशत

(घ) विपन्नको अवस्था - (जलाधारस्तरमा र वन उपभोक्ता समूहमा निर्धारित मापदण्डहरु अनुसार सहभागितामूलक रुपमा सम्पन्नता स्तरीकरण गरी वर्गिकरण गरिएको सबैभन्दा विपन्न घरधुरीहरुको संख्या) - २० प्रतिशत

१६. **भुक्तानी वितरण** : (१) जलाधारस्तरीय रेड सञ्जालबाट प्राप्त प्रतिवेदनहरु र भुक्तानीको दावीका आधारमा केन्द्रियस्तरमा रहेको परियोजना व्यवस्थापन इकाईले भुक्तानीका लागि गरेको सिफारिसलाई वन कार्वन कोषको सल्लाहकार समितिले समिक्षा र अनुमोदन गरेपछि वार्षिक रकमलाई एक किस्तामा परियोजना व्यवस्थापन इकाईले रेड सञ्जालमा उपलब्ध गराउने छ । जलाधारस्तरीय रेड सञ्जालले भुक्तानीका लागि दावी पेश गरेपछि पहिलो वर्ष बाहेकका वर्षहरुमा प्रमाणिकरण (सत्यापन) प्रतिवेदन उपलब्ध भएपछि मात्र किस्ता रकम भुक्तानी हुनेछ ।

(२) वन उपभोक्ता समूहबाट प्राप्त प्रतिवेदनहरु र भुक्तानीको दावीका आधारमा जलाधारस्तरीय रेड सञ्जालले भुक्तानीका लागि गरेको सिफारिसलाई जलाधारस्तरीय वन कार्वन कोषको

सल्लाहकार समितिले समिक्षा र अनुमोदन गरेपछि वार्षिक रकमलाई अर्धवार्षिक रुपमा दुई किस्तामा बाँडी रेड सञ्जालले वन उपभोक्ता समूहमा उपलब्ध गराउने छ । वन उपभोक्ता समूहले भुक्तानीका लागि दावि पेश गरेपछि पहिलो वर्ष बाहेकका वर्षहरुमा अनुगमन प्रतिवेदन उपलब्ध भएपछि मात्र पहिलो किस्ता रकम भुक्तानी हुनेछ ।

१७. **बैंक खाता सञ्चालन :** रेडको भुक्तानीका लागि रकम प्राप्ती र वितरण गर्ने प्रयोजनका लागि परियोजनाका साझेदार संस्थाहरु (इसिमोड, एन्साव र सा.व.उ.महासंघ, नेपाल) का बीच भएको अनुसूची-२ बमोजिमको त्रीपक्षीय सम्झौता अनुसार वन कार्वन कोषको केन्द्रीयस्तरमा एक बैंक खाता रहने छ । सम्झौताका प्रत्येक साझेदार संस्थाबाट अधिकार प्राप्त एक एक जना प्रतिनिधिहरुको संयुक्त दस्तखतबाट यो बैंक खाता सञ्चालन हुनेछ ।

(२) जलाधारस्तरीय वन कार्वन कोषको सल्लाहकार समितिको सुझावलाई मध्यनजर गर्दै जलाधारस्तरीय रेड सञ्जालको निर्णय, सा.व.उ.महासंघ, नेपालको जिल्ला महासंघको प्रमाणपत्र र जिल्ला वन कार्यालयको सिफारिसपत्र संलग्न गरी जिल्लास्तरमा पनि वन कार्वन कोषको बैंक खाता खोलिने छ ।

१८ **वन कार्वन कोषको रकम सदुपयोग :** (१) रेडको भुक्तानी वापत प्राप्त रकमलाई वन उपभोक्ता समूहले निम्न शिर्षकहरुमा खर्च गरिएको छ भन्ने कुराको सुनिश्चितता गर्ने जिम्मेवारी निर्वाह गर्नुपर्नेछ :

(क) कार्वन उत्सर्जन कटौतिका लागि वन विनास नियन्त्रण गर्ने क्रियाकलापहरु ।

(ख) वन क्षयीकरण न्यून गर्नका लागि मद्धत पुग्ने क्रियाकलाप जस्तै बैकल्पिक उर्जाको प्रवर्द्धन ।

(ग) वन कार्वन मौज्दात संरक्षण गर्ने क्रियाकलापहरु ।

(घ) जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिमा उल्लेख गरिए अनुसार वनको दिगो व्यवस्थापन र जैविक विविधता संरक्षण गर्ने क्रियाकलापहरु ।

(ङ) वन कार्वन अभिवृद्धि गर्ने क्रियाकलापहरु ।

(च) गरिवी न्यूनिकरण तथा जीविकोपार्जन अभिवृद्धि गर्ने क्रियाकलापहरु ।

(छ) वन कार्वन मापन तथा अनुगमन सम्बन्धी क्रियाकलापहरु ।

(ज) जलवायु परिवर्तन एवं रेडका बारेमा क्षमता अभिवृद्धि गर्ने क्रियाकलापहरु ।

(झ) वन कार्वन कोषको लेखा परीक्षण तथा प्रमाणिकरण (सत्यापन) सम्बन्धी क्रियाकलापहरु ।

(२) कोषको कूल रकम मध्ये एउटा सानो हिस्सा जैविक विविधता संरक्षणका लागि जगेडा कोषको रुपमा राख्न सकिने छ । यस मार्गदर्शन अनुसार वन उपभोक्ता समूहले प्राप्त गरेको रकम माथि उल्लेखित शिर्षकहरुमा मात्र खर्च गर्न पाउने छन् । समूहस्तरमा यस्तो खर्चको विवरण दुरुस्त राखिएको हुनु पर्नेछ र अनुगमन एवं प्रमाणिकरण (सत्यापन) का क्रममा जलाधारस्तरीय रेड सञ्जाल, अनुगमन समिति र प्रमाणिकरण (सत्यापन) निकाय वा संस्थालाई यस्तो विवरण स्पष्ट रुपमा देखाउनु पर्नेछ । प्रत्येक उपभोक्ता समूहले कोषको रकम उपयोग गर्ने योजना बनाई कार्ययोजनामा समावेश गर्नुपर्नेछ ।

(३) जलाधारस्तरीय रेड सञ्जालले पनि कोषको रकम भुक्तानीका लागि दावी गर्ने क्रममा उक्त रकम माथी (१) मा उल्लेखित क्रियाकपालहरु सम्पन्न गर्नका लागि सहयोग गर्ने किसिमको योजना संलग्न गर्नुपर्नेछ ।

## परिच्छेद ४
## प्रतिवेदन, भुक्तानी दावी र लेखा व्यवस्थापन

१९. **परियोजना व्यवस्थापन इकाई समक्ष प्रतिवेदन पठाई भुक्तानी दावी गर्ने :** प्रत्येक जलाधारस्तरीय रेड सञ्जालले उपभोक्ता समूहबाट प्राप्त विवरण र तथ्याङ्कलाई निर्धारित ढाँचामा तयार गरी केन्द्रियस्तरमा रहेको परियोजना व्यवस्थापन इकाई समक्ष भुक्तानीका लागि दावी गर्नुपर्नेछ । यसरी प्रतिवेदन तयार गर्ने ढाँचा अनुसूची-३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

२०. **जलाधारस्तरीय रेड सञ्जाल समक्ष प्रतिवेदन पठाई भुक्तानी दावी गर्ने :** प्रत्येक उपभोक्ता समूहले निर्धारित ढाँचामा तय गरिएका मापदण्डहरु बमोजिम सहभागितामूलक प्रक्रियाका माध्यमबाट सम्पन्नता स्तरीकरण गरी समूहका घरधुरीहरुलाई विभिन्न वर्गमा निर्धारण गर्नुपर्नेछ । प्रत्येक उपभोक्ता समूहले अनुसूची-४ मा निर्धारण गरिएको ढाँचामा विपन्न वर्गको घरधुरीको विवरण, महिला पुरुषको जनसंख्याको अवस्था, जातजातिगत रुपमा घरधुरीहरुको विवरण र वन कार्वन सम्बन्धी विवरणलाई वार्षिक रुपमा तयार गरी भुक्तानीका लागि जलाधारस्तरीय रेड सञ्जाल समक्ष पेश गर्नुपर्नेछ । यस्तो विवरण सँगसँगै उपभोक्ता समूहले रेडप्लस सम्बन्धी कार्यक्रमका लागि कोषको रकम सदुपयोग सम्बन्धी योजना पनि पेश गर्नुपर्नेछ ।

२१. **केन्द्रिय स्तरमा लेखा व्यवस्थापन :** (१) केन्द्रिय स्तरमा कोषबाट खर्च भएको रकमको लेखा विवरण, आर्थिक कारोवारको अवस्था र अन्य आर्थिक विवरणहरुलाई परियोजना व्यवस्थापन इकाईले व्यवस्थित गरी राख्नेछ ।

(२) परियोजना व्यवस्थापन इकाईले सम्पूर्ण खर्च विवरण सहित कोषमा प्राप्त भएको र भुक्तानी भएको विवरण सहितको वार्षिक रुपमा आर्थिक प्रतिवेदन तयार गरी वन कार्वन कोषको सल्लाहकार समिति समक्ष पेश गर्नेछ । नोराड-रेड परियोजनाको अन्तिम वर्ष (मे, २०१३) सम्म इसिमोडले आफ्नो आर्थिक नीति अनुसार वन कार्वन कोषको लेखा परीक्षण प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाउने छ ।

२२. **जलाधारस्तरीय रेड सञ्जाल र वन उपभोक्ता समूहमा लेखा व्यवस्थापन :** वन कार्वन कोषबाट रेडको भुक्तानी स्वरुप प्राप्त रकम र यसको खर्च विवरणको जलाधारस्तरीय रेड सञ्जाल र वन उपभोक्ता समूहले अलग्गै लेखा विवरण राख्नु पर्नेछ र अनुगमन, प्रमाणिकरण (सत्यापन) र लेखा परीक्षणका क्रममा यस्तो विवरण उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५
## प्रमाणिकरण (सत्यापन) र लेखा परीक्षण

२३. **प्रमाणिकरण (सत्यापन)** : वन कार्वन मापन र भुक्तानी वितरणका लागि निर्धारण गरिएका मापदण्ड तथा आधारहरु अनुसार वन कार्वन मापन कार्यविधि र भुक्तानी प्रणाली अवलम्बन गरे नगरेको कुरा प्रमाणिकरण (सत्यापन) गर्नको लागि एउटा स्वतन्त्र निकाय तथा संस्था हुनेछ । प्रमाणिकरण (सत्यापन) को लागि रेडप्लसको सामाजिक, वातावरणीय र प्राविधिक (कावर्न मापन विधि) विषयमा अनुभव प्राप्त बहुआयामिक व्यक्तिहरु रहेको एउटा टोली रहने छ । कुनै निकाय वा संस्थामा रहेका व्यक्तिहरुको अनुभव, विशेषज्ञता र विविधतालाई मध्यनजर राख्दै प्रमाणिकरण (सत्यापन) निकाय वा संस्थाको छनौट वन कार्वन कोषको सल्लाहकार समितिले गर्नेछ । प्रमाणिकरण (सत्यापन) का मापदण्डहरु, मूल्य मान्यता, सिद्धान्त र आधारहरु सामुदायिक वन उपभोक्ता समूहको विधान र कार्ययोजना, जलाधारस्तरीय रेड सञ्जालको मार्गदर्शन, यस परियोजनाको लागि विकास गरिएको वन कार्वन मापन मार्गदर्शन र वन कार्वन कोषको मार्गदर्शनमा उल्लेख गरिए बमोजिम हुनेछन् ।

२४. **प्रमाणीकरण (सत्यापन) निकाय वा संस्थाको भूमिका र जिम्मेवारीहरु :** (१) प्रमाणीकरण (सत्यापन) निकाय वा संस्थाले स्वतन्त्रतापूर्वक देहायको भूमिका निर्वाह गर्नेछ :

(क) अन्तर्राष्ट्रिय मापदण्डहरु र आवश्यकतालाई मध्यनजर गर्दै विकास गरिएका वन कार्वन मापनसम्बन्धी विधि र चरणहरुको पूनरावलोकन गर्ने ।

(ख) परीक्षण परियोजना अन्तर्गतका क्षेत्रहरुमा कार्वन मापनका लागि विकास गरिएको परियोजना तहको कार्वन मापन मार्गदर्शनमा अवलम्बन गरिएको विधिको बैधताको समिक्षा गर्ने ।

(ग) उपभोक्ता समूहलाई भुक्तानी वितरण गर्दा जलाधारस्तरीय रेड सञ्जालले अवलम्बन गरेका मापदण्ड, आधार र सूचकहरुको समिक्षा गर्ने ।

(घ) जलाधार क्षेत्रबाट भुक्तानी प्राप्तीका लागि पालना गरिएका मापदण्ड र आधारहरुको लेखाजोखा, मूल्याङ्कन र प्रमाणित गर्ने ।

(ङ) वन उपभोक्ता समूह र जलाधारस्तरीय रेड सञ्जालले निर्धारित शिर्षकहरुमा कोषको रकम सदुपयोग गरे नगरेको बारेमा समिक्षा गर्ने ।

(च) यस मार्गदर्शनमा निर्धारित मापदण्डहरु अनुसार रेड सञ्जालद्धारा कोषको रकम सदुपयोग भए नभएको बारेमा प्रमाणिकरण (सत्यापन) गर्ने ।

(छ) परियोजना व्यवस्थापन इकाई समक्ष आगामी वर्षको भुक्तानीको लागि सिफारिस गर्ने ।

(ज) आवश्यकता अनुसार जलाधारस्तरको अनुगमन प्रणालीको समिक्षा गर्ने ।

(२) प्रमाणीकरण (सत्यापन) र लेखा परीक्षणको लागि आवश्यक पर्ने खर्च वन कार्वन कोषबाट व्यहोरिने छ ।

**२५. लेखा परीक्षण** : परीक्षण परियोजना अवधीसम्मको लागि इसिमोडद्धारा नियुक्त गरिएको एउटा मान्यता प्राप्त स्वतन्त्र लेखा परीक्षण फार्मले वार्षिक रुपमा वन कार्वन कोषको हिसाव कितावको लेखा परीक्षण गर्नेछ । त्यसपछि प्रमाणिकरण (सत्यापन) प्रतिवेदनसँग तालमेल खानेगरी कोषले नियुक्त गरेको कुनै फार्मबाट लेखा परीक्षण गराइने छ ।

## परिच्छेद ६

## विविध

२६. **कोषको आम्दानीका स्रोतहरु** : वन उपभोक्ता समूह र जलाधारस्तरीय रेड सञ्जालले रेडप्लस सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्नको लागि यस कोष बाहेक अन्य माध्यमबाट पनि आर्थिक श्रोत जम्मा गर्न सक्नेछन् ।

२७. **साङ्गठनिक संरचना** : केन्द्रीयस्तरमा र जलाधारस्तरमा रहेको यस कोषको साङ्गठनिक संरचना अनुसूची-१ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

२८. **संशोधन तथा थपघट** : यस मार्गदर्शनमा कुनै संशोधन वा थपघट गर्नु परेमा सल्लाहकार समितिको सिफारिसमा परियोजनाका साझेदार संस्थाहरुबाट अधिकार प्राप्त व्यक्तिले लिखित रुपमा दस्तखत गरेपछि मात्र त्यस्तो संशोधन वा थपघट गर्न सकिने छ ।

२९. **विवाद तथा असमझदारी व्यवस्थापन** : यस कोषको कार्यान्वयन गर्ने दायित्वसँग सम्बन्धित हुनेगरी साझेदार संस्थाहरु बीच वा कोषका संरचनाहरुका बीच कुनै विवाद वा असमझदारी उत्पन्न भएमा त्यस्तो विवादको समाधान गर्ने अधिकार सल्लाहकार समितिलाई हुनेछ र सल्लाहकार समितिको निर्णय अन्तिम र पक्षहरुका लागि बाध्यकारी हुनेछ ।

# अनुसूचीहरु

## अनुसूची १ : कोष व्यवस्थापन संरचना र प्रतिनिधित्व



**अनुसूची २ : रेडमा भुक्तानी प्रणालीको विकास सम्बन्धी परीक्षण परियोजना अन्तर्गत नोराडबाट प्राप्त अनुदान वितरणका लागि बैंक खाता सञ्चालन गर्ने प्रयोजनार्थ परियोजनाका साझेदार संस्थाहरु (इसिमोड, एन्साव र फेकोफन) बीच भएको त्रीपक्षीय सम्झौता**

यो त्रीपक्षीय सम्झौता (यसपछि सम्झौता भनिएको) नेपालको प्रचलित कानुन बमोजिम दर्ता मान्यता प्राप्त गरी हिन्दकुष हिमालय क्षेत्रमा कार्यरत एकिकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ललितपुर (प्रथम पक्ष) को मिति ...........मा भएको निर्णय बमोजिम उक्त संस्थाबाट प्रतिनिधित्व गर्न अख्तियार प्राप्त ....................., नेपालको प्रचलित कानुन बमोजिम दर्ता मान्यता प्राप्त गरी नेपालमा कार्यरत दिगो कृषि विकास र जैविक श्रोतका लागि एसियाली केन्द्र(एन्साव) काठमाण्डौं (द्वीत्तीय पक्ष) को मिति ...........मा भएको निर्णय बमोजिम उक्त संस्थाबाट प्रतिनिधित्व गर्न अख्तियार प्राप्त ..................... र नेपालको प्रचलित कानुन बमोजिम दर्ता मान्यता प्राप्त गरी नेपालमा कार्यरत सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (फेकोफन) काठमाण्डौं (त्रीतीय पक्ष) को मिति ...........मा भएको निर्णय बमोजिम उक्त संस्थाबाट प्रतिनिधित्व गर्न अख्तियार प्राप्त .....................का बीच हस्ताक्षर भई कार्यान्वयन भएको छ ।

यो परियोजनाका कार्यान्वयन गर्ने साझेदार संस्थाहरुले वन उपभोक्ता समूहका माध्यमबाट रेडको भुक्तानी प्रणाली विकास गर्नका लागि परियोजना तहमा वन कार्वन कोषको स्थापना र सञ्चालन गर्ने प्रयोजनार्थ नर्वेजीयन विकास सहयोग नियोग (नोराड) बाट बीउ अनुदान प्राप्त गरेका छन् । वन कार्वन कोषको यस मार्गदर्शनमा उल्लेख गरिए अनुसारका मापदण्ड र मूल्य मान्यताहरुको परिपालना गरी परियोजनाको उद्धेश्य अनुसार कोषमा रकम हस्तान्तरण गरी कोषबाट रकम वितरण गर्नका लागि एउटा छुट्टै बैंक खाता स्थापना र सञ्चालन गर्नु आवश्यक हुन्छ ।

त्यसैले आपसी सहमतिका आधारमा काठमाण्डौंमा रहेको एउटा बाणिज्य बैंकमा यस कोषको खाता खोली सञ्चालन गर्नका लागि यो सम्झौता गरी कार्यान्वयनमा ल्याइएको छ ।

**१. विषय**

आपसी समभ्रूदारीका आधारमा काठमाण्डौंमा रहेको एउटा नविल बैंकमा यस “वन कार्वन कोष” का नाममा एउटा बैंक खाता खोली सञ्चालनमा ल्याइने छ ।

**२. पक्षहरुको जीम्मेवारी**

सम्झौताका पक्षहरुले बैंक खाता खोल्नको लागि आवश्यक व्यवस्था मिलाउने छन् । वन कार्वन कोषको सर्वोपरी हितलाई ध्यानमा राखी बैंक खता सञ्चालन गर्ने जिम्मेवारी पक्षहरुमा रहने छ ।

**३. भुक्तानीको उद्वेश्य**

यस परीक्षण परियोजनाका लागि नोराडबाट प्राप्त बीउ अनुदानको वितरण गर्दा यस वन कार्वन कोष सम्बन्धी मार्गदर्शनको पूर्ण रुपमा परिपालना गरिनेछ । यस वन कार्वन कोषका उद्वेश्य परिपूर्तिका लागि कोषमा भएको रकमलाई जलाधार स्तरीय रेड सञ्जाल मार्फत वन उपभोक्ता समूहलाई उपलब्ध गराइने छ ।

**४. बैंक खाताको उद्वेश्य**

नोराडबाट प्राप्त बीउ अनुदान उपयोगका क्रममा अनुदान प्राप्ती र भुक्तानीका लागि बैंक खाताको प्रयोग गरिने छ र कोष सञ्चालनका लागि आवश्यक पर्ने खर्च पनि यसै बैंक खाताबाट उपयोग गरिनेछ ।

**५. मुद्रा र खाताको प्रकार**

यस खाताको नाम वन कार्वन कोष रहने छ । यो चल्ती बैंक खातामा रहने मुद्रा नेपाली रुपैया हुनेछ ।

**६. खाता सञ्चालक**

परियोजना सञ्चालक संस्थाहरु (इसिमोड, एन्साव र फेकोफन) बाट खाता सञ्चालन गर्ने प्रयोजनाका लागि अधिकार प्राप्त गरेका एक एक जना प्रतिनिधिहरुको संयुक्त दस्तखतबाट यो बैंक खाता सञ्चालन हुनेछ ।

**७. खाता बन्द**

यो बैंक खाता नोराडबाट बीउ अनुदान प्राप्त हुने अन्तिम मिति मे, २०१३ सम्म सञ्चालनमा रहने छ र इसिमोडले आफ्नो आर्थिक नीति अनुसार यस खाताको लेखा परीक्षण गर्ने व्यवस्था मिलाउने छ ।

**८. अलग्गिन सक्ने**

यस सम्झौताबाट अलग हुन चाहने कुनै पनि पक्षले १५ दिन पहिलै अन्य पक्षहरुलाई सूचना दिई सम्झौताबाट अलग हुन सक्नेछन् ।

**९. विवाद समाधान**

यस सम्झौतासँग सम्बन्धित भई उठ्ने वा उठ्न सक्ने कुनै पनि विवादहरु पक्षहरुले आपसी वार्ताका माध्यमबाट समाधान गर्नेछन् । आपसी वार्ताद्वारा विवाद समाधान हुन नसकेमा त्यस्ता विवाद समाधानको लागि सल्लाहकार समिति समक्ष प्रस्तुत गरिनेछ ।

**१०. संशोधन तथा थपघट**

यस सम्झौतामा कुनै संशोधन वा थपघट गर्नु परेमा सल्लाहकार समितिको सिफारिसमा परियोजनाका साझेदार संस्थाहरुबाट अधिकार प्राप्त व्यक्तिले लिखित रुपमा दस्तखत गरेपछि मात्र त्यस्तो संशोधन वा थपघट गर्न सकिने छ ।

**११. सम्झौताको समाप्ती**

परियोजनाको अवधी समाप्त भएपछि वा यस सम्झौताको दफा ६ बमोजिम पक्षहरुको आपसी समझदारीका आधारमा यो सम्झौताको समाप्ती गर्न सकिने छ ।

**पक्षहरुको दस्तखत**

| | | |
|---|---|---|
| प्रतिनिधि - इसिमोड | प्रतिनिधि - एन्साव | प्रतिनिधि - फेकोफन |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |

मिति :

**अनुसूची ३ : दाबी फाराम (जलाधार स्तरीय रेड सञ्जालबाट केन्द्रमा पठाउने)**

**जलाधार क्षेत्रको नाम :** **जिल्ला :**

**१. सामान्य जानकारी**

| | | |
|---|---|---|
| जलाधारको जम्मा क्षेत्रफल | ..............................हे | |
| गाविस / नगरपालिकाको संख्या | गाविस.......... नगरपालिका.......... | |
| सामुदायिक वनको जम्मा क्षेत्रफल | ..............................हे | |
| खण्डको क्षेत्रफल तथा स्थाई प्लट संख्या | क्षेत्रफल (हे) | स्थाई प्लट संख्या |
| बाक्लो खण्ड | | |
| पातलो खण्ड | | |
| चुहावट क्षेत्र तथा वनको नाम........................ | | |

**२. जनसांख्यिकीय विवरण**

| क.सं | सा.व.को नाम | सा.व.उ.स.मा आबद्ध घरधुरी | | | | | | | | महिला पुरुष जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विपन्न घरधुरी | | | | जम्मा घरधुरी | | | | | | |
| | | ज[3] | द[4] | अ[5] | जम्मा | ज | द | अ | जम्मा | म[6] | प[7] | जम्मा |
| 1. | | | | | | | | | | | | |
| 2. | | | | | | | | | | | | |
| 3. | | | | | | | | | | | | |
| 4. | | | | | | | | | | | | |
| 5. | | | | | | | | | | | | |
| 6. | | | | | | | | | | | | |
| 7. | | | | | | | | | | | | |
| 8. | | | | | | | | | | | | |
| 9. | | | | | | | | | | | | |
| 10. | | | | | | | | | | | | |
| 11. | | | | | | | | | | | | |
| 12. | | | | | | | | | | | | |
| 13. | | | | | | | | | | | | |
| 14. | | | | | | | | | | | | |
| 15. | | | | | | | | | | | | |

[3] आदिवासी जनजाति
[4] दलित
[5] आदिवासी जनजाति र दलित बाहेका अन्य घरधुरी
[6] महिला
[7] पुरुष

| क.सं | सा.व.को नाम | सा.व.उ.स.मा आबद्ध घरधुरी | | | | | | | | महिला पुरुष जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विपन्न घरधुरी | | | | जम्मा घरधुरी | | | | | | |
| | | ज[3] | द[4] | अ[5] | जम्मा | ज | द | अ | जम्मा | म[6] | प[7] | जम्मा |
| 16. | | | | | | | | | | | | |
| 17. | | | | | | | | | | | | |
| 18. | | | | | | | | | | | | |
| 19. | | | | | | | | | | | | |
| 20. | | | | | | | | | | | | |
| 21. | | | | | | | | | | | | |
| 22. | | | | | | | | | | | | |
| 23. | | | | | | | | | | | | |
| 24. | | | | | | | | | | | | |
| 25. | | | | | | | | | | | | |
| 26. | | | | | | | | | | | | |
| 27. | | | | | | | | | | | | |
| 28. | | | | | | | | | | | | |
| 29. | | | | | | | | | | | | |
| 30. | | | | | | | | | | | | |

## ३. वन कार्वन मौज्दातको विवरण

| क.स. | विवरण | | पहिलो वर्ष | दोस्रो वर्ष | दुई मापनमा भएको परिवर्तन (घटी वा बढी) |
|---|---|---|---|---|---|
| १ | मापन गरेको समय (महिना र वर्ष) | | | | |
| २ | प्रति हे भारित औसत (टन कार्वन प्रति हे) | बाक्लो खण्ड | | | |
| | | पातलो खण्ड | | | |
| ३ | जम्मा कार्वन मौज्दात (टन कार्वन) | बाक्लो खण्ड | | | |
| | | पातलो खण्ड | | | |

**४. वन कार्वन वृद्धिका लागि रेड जलाधार सञ्जालले सम्पन्न गरेका क्रियाकलापहरु** (ठिक चिन्ह लगाउनु होस्) ।

- सामूदायिक वनबाट हुनसक्ने चुहावट अनुगमन  अनुगमन
- वन डढेलो व्यवस्थापन तथा अनुगमन
- चरिचरण व्यवस्थापन तथा घुम्ती चरिचरणको व्यवस्था
- वैकल्पिक उर्जाको प्रवर्द्धन
- दिगो वन पैदावार निकासीको अभ्यास
- वृक्षारोपण

**५. रेडको लाभ बाडफाँट (समूहको जानकारी संकलन)**

| मूख्य क्रियाकलाप | गतिविधिहरु | कहाँ गर्ने | कोषको रकम खर्च गर्ने अंश (प्रतिशतमा) |
|---|---|---|---|
| विपन्नमूखी क्रियाकलाप तथा जीविकोपार्जन सुधार | सा.व. भित्र आयआर्जनका गतिविधि (जस्तै गैह्काष्ठ वनपैदावारको प्रवर्द्धन) | सा.व. | |
| | सा.व. बाहिर आयआर्जनका गतिविधि (जस्तै बाखापालन, व्यवसायिक तालिम, किराना पसल, आदि) | सा.व. | |
| वन अभिवृद्धिका क्रियाकलापहरु | वैकल्पिक उर्जाको प्रवर्द्धन | सा.व. | |
| | वन डढेलो व्यवस्थापन -उपकरण खरिद, अग्निरेखा निर्माण आदि | सा.व. | |
| | वन व्यवस्थापन (वन कटाईका उपकरण खरिद, झाडी सफाई, कटाई, बार बार्ने, वृक्षारोपण, आदि) | सा.व. | |
| | चरिचरण व्यवस्थापन (घाँस, डाले घाँस, विरुवा वितरण) | सा.व. | |
| क्षमता तथा जनचेतना अभिवृद्धि | सा.व.का आदिवासी जनजाति, दलित तथा महिलाहरुका लागि रेड सम्बन्धी तालिम | सा.व. | |
| | जनचेतनामूलक बैठक | सा.व. | |
| | सा.व.का उपभोक्ता, शिक्षक, युवा तथा महिलाहरुका लागि रेड सम्बन्धी तालिम, बैठक, कार्यशाला गोष्ठी आदि | जलाधार स्तरीय | |
| वन कार्वन मापन तथा अनुगमन | वन कार्वन अनुगमनमा सहभागी (मापन तथा तथ्यांक अभिलेखीकरण) | सा.व. | |
| | वन कार्वन अनुगमनमा सहभागी (स्थानीय सहजकर्ता तथा तथ्यांक व्यवस्थापन) | जलाधार स्तरीय | |
| अन्य क्रियाकलापहरु | | | |

**६. जलाधार स्तरीय रेड सञ्जालले कसरी सामुदायिक वनहरुमा रेड सम्बन्धी गतिविधिहरु अनुगमन गर्दछ ?**

- जलाधार स्तरीय रेड सञ्जालको नियमित बैठकमा अनुगमनको योजनाको तयारी तथा समीक्षा
- कोषको उपयोग र भुक्तानीको प्रगति प्रतिवेदन
- बहुसरोकारावाला अनुगमन टोलीको प्रतिवेदन

तयार पार्ने (सही) :
नाम :
पद :
मिति :

अनुमोदन गर्ने (सही) :
नाम :
पद :
मिति :

## अनुसूची ४ : दाबी फाराम (सामूदायिक वन उपभोक्ता समूहले जलाधारस्तरीय रेड सञ्जालमा पठाउने)

### १. जैविक भौतिक जानकारी

- सामूदायिक वनको नाम :
- ठेगाना :
- सा.व.लाई समूदायले व्यवस्थापन गर्न शुरु गरेको मिति :
- सामूदायिक वन उपभोक्ता समूह दर्ता भएको मिति :
- सा.व. हस्तान्तरण भएको मिति :
- सा.व.को कार्ययोजना नवीकरण भएको पटक :
- सा.व.को कार्ययोजना नवीकरण भएको पछिल्लो मिति :
- सा.व.को कार्ययोजनाको समयावधि (ठीक चिन्ह लगाउनुहोस्) : ५ वर्ष ☐ १० वर्ष☐

### २. सामुदायिक वनको सामान्य जानकारी

- सा.व.मा पाइने प्रमुख विरुवा प्रजातिहरु :
- सा.व.मा पाइने प्रमुख वन्यजन्तुहरु :
- पानीको मुहान संख्या :

### ३ सामूदायिक वनको क्षेत्रफल र वन कार्वन मापन प्रयोजनका लागि स्थायी प्लटको विवरण

| विवरण | बाक्लो वन | पातलो वन | जम्मा | कैफियत |
|---|---|---|---|---|
| सा.व. को क्षेत्रफल (हे.) | | | | |
| स्थायी प्लटहरुको संख्या | | | | |

### ४ वन कार्वन मौज्दातको विवरण

| कार्वन मापन सम्पन्न वर्ष र महिना | औसत प्रति हे. कार्वन मौज्दात (टन कार्वन) | | जम्मा कार्वन मौज्दात (टन कार्वन) | | जम्मा |
|---|---|---|---|---|---|
| | बाक्लो वन | पातलो वन | बाक्लो वन | पातलो वन | |
| | | | | | |
| | | | | | |
| फरक | | | | | |

### ५. सामूदायिक वन उपभोक्ता समूहमा आवद्ध भएको जनसंख्या विवरण

| जातजाति | जम्मा घरधुरी | विपन्न घरधुरी | लैङ्गिक विवरण | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| आदिवासी जनजाति | | | | | |
| दलित | | | | | |
| अन्य | | | | | |
| जम्मा | | | | | |

समूहमा तथ्यांक प्राप्त भएको मितिः ..................र तथ्यांकको आधार (विधान वा निर्णय पुस्तिका) :

### ६. सामूदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा प्रतिनिधित्व

| जातजाति | महिला | पुरुष | जम्मा | मुख्य पदहरु | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष |
| आदिवासी जनजाति | | | | | | | |
| दलित | | | | | | | |
| अन्य | | | | | | | |

| जम्मा | | | | | | | |
|---|---|---|---|---|---|---|---|

## ७. समूहको आफ्नो कोष उपयोगको स्थिति

| कोषको खर्च (रुपैयामा) | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्ष | जम्मा बजेट | विपन्नमूखी गतिविधि | वन संरक्षण तथा वन व्यवस्थापन | सामुदायिक विकास | क्षमता अभिवृद्धि | अन्य |
| आ.व. २०६६।६७ | | | | | | |
| आ.व. २०६७६८ | | | | | | |

८. उपभोक्ता समूहले यस आर्थिक वर्षमा आफ्नो आन्तरिक र बाहिरी स्रोतबाट जीविकोपार्जन सुधारको लागि सञ्चालन गरेका गतिविधिहरुलाई प्राथमिकताको आधारमा क्रमशः बुँदागत रुपमा लेख्नुहोस् ।

-
-
-
-
-

९. उपभोक्ता समूहले वन कार्वन कोषबाट प्राप्त रकमलाई आगामी आर्थिक वर्षमा जीविकोपार्जन सुधारको लागि प्राथमिकतामा राख्ने कार्यक्रमहरु क्रमशः लेख्नुहोस् :

-
-
-
-
-

## १०. गत आर्थिक वर्षमा सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापनको लागि सम्पन्न गरेका गतिविधिहरु

| मुख्य क्रियाकलापहरु | गतिविधिहरु | ठीक लगाउनुहोस् |
|---|---|---|
| संरक्षणको उपायहरु | वन पहरा (वन हेरालु वा घरधुरीले) | |
| | भौतिक बार निर्माण | |
| बहु उपयोग व्यवस्थापन | पानीको स्रोत व्यवस्थापन तथा संरक्षण | |
| चरिचरण व्यवस्थापन | नियन्त्रित चरिचरण (सीजन अनुसारको नियम) | |
| | घुम्ति चरिचरण | |
| | खुल्ला चरिचरण | |
| | चरिचरण बन्द | |
| वन संवर्द्धनका क्रियाकलापहरु | पत्लाउनु | |
| | झाडी सफाई | |
| वन व्यवस्थापन तथा सुधारका उपायहरु | वन डढेलो व्यवस्थापन (अग्नि रेखा निर्माण) | |
| | वैकल्पिक उर्जाको प्रवर्द्धन | |
| | वृक्षारोपण | |
| वन पैदावार संकलन तथा वितरणको अवस्था | समूह बाहिर वन पैदावार निकासी | |
| | सुकेका ढलेका दाउराको निशुल्क संकलन | |
| | घाँसको निशुल्क संकलन | |
| | सशुल्क काठ तथा पोल वितरण | |

| मुख्य क्रियाकलापहरु | गतिविधिहरु | ठीक लगाउनुहोस् |
|---|---|---|
| | निशुल्क पत्कर तथा सोत्तर | |

**११. वन कार्वन कोषको रकम उपयोग (आ.व. २०६८/६९)**

| मुख्य क्रियाकलाप | गतिविधिहरु | कोषको रकम खर्च गर्ने अनुमानित अंश (प्रतिशतमा) |
|---|---|---|
| विपन्नमूखी तथा जीविकोपार्जन सुधार | सा.व. भित्र आयआर्जनका गतिविधि (जस्तै गैह्काष्ठ वनपैदावारको प्रवर्द्धन) | |
| | सा.व. बाहिर गर्ने आयआर्जनका गतिविधि (जस्तै पशुपालन, तरकारी खेतिपाति, व्यवसायिक तालिम, किराना पसल, आदि) | |
| वन अभिवृद्धिका क्रियाकलाप | वैकल्पिक उर्जा (वायोग्याँस, सुधारिएको चुलो आदि) प्रवर्द्धन | |
| | वन डढेलो व्यवस्थापन (उपकरण, अग्निरेखा निर्माण, सचेतना आदि) | |
| | वन व्यवस्थापन (वन कटाईका उपकरण खरिद, झाडी सफाई, कटाई, बार बार्ने, वृक्षारोपण आदि) | |
| | चरिचरण व्यवस्थापन (घाँसपात, डाले घाँस, विरुवा वितरण) | |
| जनचेतना एवं क्षमता अभिवृद्धि | उपभोक्ता समूहका आदिवासी जनजाति, दलित एवं महिलाहरुलाई प्राथमिकता दिई रेडप्लस सम्बन्धी तालिम | |
| | समूहभित्र विद्यालय, संघ संस्था र सम्बन्धित सरोकारवालाहरुमा रेडप्लस सम्बन्धी जनचेतना अभिवृद्धिका लागि तालिम, भेला, बैठक, गोष्ठी अन्तरक्रिया आदि | |
| वन कार्वन अनुगमन | वन कार्वन अनुगमनमा सहभागीता (मापन तथा तथ्यांक अभिलेखीकरण) | |
| अन्य क्रियाकलापहरु | | |

(समूहको छाप)

तयार पार्ने (सही) :
नाम :
पद :
मिति :

अनुमोदन गर्ने (सही) :
नाम :
पद :
मिति :

समूहबाट रेड सञ्जालामा प्रतिनिधित्व गर्ने व्यक्ति :

## अनुसूची ५ : वन कार्वन कोषको कार्यान्वयन मार्गदर्शन तर्जुमा प्रक्रिया

**पहिलो चरण : प्रारम्भिक परामर्श -** वन कार्वन कोषको आधारभूत अवधारणा विकासको लागि परियोजनाका साझेदार संस्थाहरुका बीचमा प्रारम्भिक छलफल तथा अध्ययन

**दोस्रो चरण : बहुसरोकारवाला कार्यदलको गठन -** परियोजनाका साझेदार संस्थाहरु बीचको आपसी सहमति र सरकार एवं नागरिक समाजको स्वीकार्यता अनुसार वन कार्वन कोषको मस्यौदा तयार गर्नको लागि नेपाल सरकार, नागरिक समाज, निजी क्षेत्र र परियोजनाका साझेदार संस्थाहरु संलग्न रहने गरी निम्न अनुसारको प्रतिनिधित्व भएको एउटा ६ सदस्यीय बहुसरोकारवाला कार्यदलको गठन भएको ।

- वन तथा भूसंरक्षण मन्त्रालय - रेड-वन तथा जलवायु परिवर्तन इकाई
- नेपाल आदीवासी जनजाति महासंघ
- जोशी एण्ड भण्डारी अडिटिङ्ग फर्म (निजी क्षेत्र)
- सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल
- एन्साव
- इसिमोड

कार्यदलको नियमित बैठक आयोजना र समन्वय गर्नको लागि परियोजना व्यवस्थापन इकाईले कार्यदलको सचिवालयको भूमिका निर्वाह गरेको थियो ।

**तेस्रो चरण : वन कार्वन कोषको मार्गदर्शनको खाका मसौदा -** नेपालमा रेडको नीतिगत अवस्था र परीक्षण परियोजनाको उद्वेश्यलाई मध्यनजर गर्दै कार्यदलले वन कार्वन कोषको मसौदा तयार गरेको । मसौदालाई साझेदार संस्थाहरुका बीच आदान प्रदान गरी प्राप्त सुझावहरुका आधारमा थप सुधार गरिएको ।

**चौंथो चरण : जिल्लास्तरका सरोकारवाला र स्थानीय समुदायमा परामर्श -** परीक्षण परियोजना सञ्चालन भएका ३ वटै जिल्लाहरुमा जिल्ला एवं स्थानीयस्तरमा परामर्श कार्यक्रमहरुको आयोजना गरी सुझाव तथा प्रतिक्रियाहरु लिइएको ।

**पाँचौं चरण : राष्ट्रियस्तरको परामर्श -** कोषको मसौदा मार्गदर्शनमा सुझाव तथा परामर्श प्राप्त गर्नको लागि राष्ट्रियस्तरको परामर्श कार्यक्रम आयोजना गरी सुझावहरु लिइएको ।

**छैठौं चरण : वन कार्वन कोषको कार्यान्वयन मार्गदर्शनको अन्तिम मसौदा र संरचना निर्धारण -** स्थानीय, जिल्लास्तर र राष्ट्रिस्तरमा गरिएका परामर्श कार्यक्रमहरुबाट प्राप्त सुझाव, अवधारणा र प्रतिक्रियाहरुलाई मध्यनजर गर्दै मसौदा मार्गदर्शन र यसलाई कार्यान्वयन गर्ने संरचनालाई परिमार्जन गरी अन्तिम रुप दिइएको ।

**सातौं चरण : जलाधारस्तरमा वन कार्वन कोषको सल्लाहकार समितिको बैठक र अभिमूखीकरण -** जलाधार स्तरमा रहेको वन कार्वन कोषको सल्लाहकार समितिका बैठकहरु आयोजना गरी कोषको कार्यान्वयन मार्गदर्शन र विभिन्न संरचनाहरुको भूमिका एवं जिम्मेवारी बारे अभिमूखिकरण गरिएको ।

**आठौं चरण : बीउ अनुदानको नियमन** : केन्द्र र जिल्लास्तरमा कोषको बैंक खाता सञ्चालन र मार्गदर्शनमा उल्लेखित आधार र मूल्य मान्यता अनुसार जलाधारस्तरीय रेड सञ्जाल मार्फत केन्द्रबाट समूहस्तरमा वन कार्वन कोषबाट रेडका लागि भुक्तानी ।

अनुसूची ६ : भुक्तानीका आधारहरुको अनुपात

| प्रत्येक आधारहरुको प्रतिशत | भुक्तानीका आधारहरु | प्रत्येक आधारहरु अन्तर्गतका सूचकहरु | आन्तरिक औषत बाँडफाँड | आन्तरिक औषत जम्मा बाँडफाँड |
|---|---|---|---|---|
| ४० प्रतिशत | वन कार्वन मौज्दाद तथा अभिवृद्धि | आधार वर्षको वन कार्वन मौज्दात | ६० प्रतिशत | १०० प्रतिशत |
| | | वन कार्वन अभिवृद्धि | ४० प्रतिशत | |
| २५ प्रतिशत | जाजातिको विविधता (घरधुरीका आधारमा) | आदिवासी जनजाति | ४० प्रतिशत | १०० प्रतिशत |
| | | दलित | ६० प्रतिशत | |
| १५ प्रतिशत | महिला पुरुष (जनसँख्याको अनुपात) | महिला | ५५ प्रतिशत | १०० प्रतिशत |
| २० प्रतिशत | गरिवी न्यूनिकरण/ जीविकोपार्जन (घरधुरीका आधारमा) | विपन्न | १०० प्रतिशत | १०० प्रतिशत |